तारखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
अर्गल, बागलुङ
२०७३

प.सं.०८२।०८३
च.नं.

गण्डकी प्रदेश नेपाल।

**सवारी साधन भाडामा लिने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८३/०३/३०)

यस कार्यालयको प्रयोजनको लागि मिति २०८३।३।१८ गतेको गाउँकार्यपालिकाको निर्णय बमोजिम न्यूनतम ४ सिट क्षमताको हलुका सवारी साधन पिकअफ हाइस कार्यालयले इन्धन र सवारी चालक व्यवस्था गर्ने गरी २०८४ असार मसान्तसम्मका लागि भाडामा लिने निर्णय भएकोले के कति दररेटमा सवारी साधन उपलब्ध गराउन सक्ने हो ? आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस गाउँ कार्यपालिकाको कार्यालयमा दरभाउपत्र निवेदन पेश गर्नु हुन अनुरोध गरिन्छ ।

**दरभाउपत्र साथ पेश गर्नु पर्ने कागजातहरुः**

१. सबारीको नविकरण भएको ब्लुबुकको प्रतिलिपी १ प्रति ।
२. विमा भएको प्रमाणको प्रतिलिपी १ प्रति ।
३. सवारी साधन विक्रि वा हकभोक हस्तान्तरण भएको भए सोको प्रतिलिपि १ प्रति।

**न्युनतम शर्तहरुः**

- सवारी साधन राम्रो कन्डिसनको हुनु पर्नेछ ।
- सवारी साधनको मर्मत संभार र सर्भिसिङ्ग न्यूनतम दश हजार सम्म गाउँपालिका र सो भन्दा माथि स्वयम सवारी धनीले गर्नुपर्नेछ ।इन्धन र सवारीचालक गाउँपालिकाले व्यवस्था गर्ने छ ।
- सबारी भाडामा लिए पश्चात सवारी साधन २४ सै घण्टा कार्यालयको नियन्त्रणमा रहनेछ ।
- कार्यलयको अनुमति बिना अन्य प्रयोजनमा सवारी साधन प्रयोग गर्न पाईनेछैन ।
- प्रस्तावित रकममा १० प्रतिशत बहाल कर कट्टा गरिनेछ ।
- संभावित दैविप्रकोपबाट हुने क्षतिको सम्बन्धमा स्वयम सवारी धनी जबाफदेही हुनेछ ।
- सवारी बिग्रिएर सेवा दिन असमर्थ भएमा बैकल्पिक सवारीको व्यवस्था गर्ने जिम्मेवारी सवारी धनीको हुनेछ । अन्यथा उक्त अवधी भरको दिनगन्तीका हिसाबले रकम कट्टा गरिनेछ ।
- सवारी भाडा सम्झौता बमोजिमको रकम करकट्टी गरी भुक्तानी गरिनेछ ।
- कार्यालयको हितलाई ध्यानमा राखी पेश भएका दरभाउपत्रहरु पूर्ण रुपमा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यलयको हुनेछ ।
- उल्लेख नभएका शर्तको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।
- थप जानकारीका लागि कार्यालयको प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ ।

२०८३/३/३०

.........................
बिमल रिजाल
प्रमुख प्रशासकीय अधिकृत

बिमल रिजाल
प्रमुख प्रशासकीय अधिकृत

तारखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

अर्गल, बागलुङ

२०७३

प.सं.०८२।०८३

च.नं.

गण्डकी प्रदेश नेपाल।

मितिः२०८३।३।३० गते

## घर भाडामा लिने सम्बन्धी सूचना

यस कार्यालयको आवास/ स्टोर प्रयोजनको लागी बागलुङ नगरपालिकामा न्यूनतम २ कोठा घर भाडामा आवश्यक भएको हुनाले ईच्छुक घरधनिले यो सूचना प्रकासित भएको मितिले ७ दिन भित्र घर भाडाको रकम सहितको निवेदन यस कार्यालयको प्रशासन शाखामा दर्ता गर्नु हुनको लागि यो सूचना प्रकासित गरिएको छ। थप जानकारीको लागि कार्यालयको प्रशासन शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

तपसिलः-

१. घर आवश्यक भएको क्षेत्रः बागलुङ नगरपालिका बजार क्षेत्र

२.घरको बनावट प्रकृति र क्षेत्रः

- घर आरसीसी ढलान गरेको पक्की हुनुपर्ने ।
- कम्तिमा १ फ्ल्याट (फ्ल्याटमा २ कोठा १ शौचालय,१ स्नान कक्ष)।
- कम्तिमा १ वटासम्म चारपाङ्ग्रे सवारी साधन र १ वटा सम्म मोटरसाईकल पार्किङ्ग हुनुपर्ने ।
- खानेपानी विजुली र इन्टरनेटको राम्रो व्यवस्था हुनुपर्ने ।

३.घरको भाडा अधिकतम मासिक १६,०००।०० हुनेछ ।

४.घरधनीले पेश गर्नुपर्ने कागजातहरुः

- घर भाडामा दिने सम्बन्धि निवेदन
- घरधनीको लालपुर्जा,
- आवश्यक अन्य विवरण ।

५. घरभाडा भुक्तानी लगायतका अन्य शर्तहरु सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

..............

बिमल रिजाल

प्रमुख प्रशासकीय अधिकृत

बिमल रिजाल

प्रमुख प्रशासकीय अधिकृत